गण्डकी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कास्की

पोखरा, नेपाल

प.सं.:- २०८२/२०८३

च.नं.:-

सेवाप्रवाह स्थगित सम्बन्धी सूचना

मिति:- २०८३/०३/२९

प्रस्तुत विषयमा सवारीचालक अनुमतिपत्र सम्बन्धी यातायात व्यवस्था विभागको केन्द्रीय सर्भर प्रणाली (EDLVRS) विगत केही दिन देखि समस्याग्रस्त भइ हाल पूर्ण रुपमा डाउन भएकोले उक्त प्रणालीबाट प्रवाह हुने सेवाहरु अवरुद्ध हुन पुगेको छ। यसर्थ यस कार्यालयबाट प्रवाह हुने ड्राइभिङ लाइसेन्स सम्बन्धी नयाँ तथा वर्ग थपका आवेदन दर्ता, मेडिकल सेवा, राजश्व, लाइसेन्स नवीकरण, विवरण सच्याउने, प्रमाणीकरण तथा विवरण प्रिन्टका सेवाहरु सर्भर प्रणालीमा सुधार भई अर्को सूचना जारी नहुदासम्मका लागि स्थगित गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

मिति २०८३ असार ३० गतेको वर्ग B को लिखित परीक्षा तथा पूर्वनिर्धारित प्रयोगात्मक (ट्रायल परीक्षा) तथा लाइसेन्स कार्ड वितरणका सेवाहरु भने नियमित रुपमा सञ्चालन हुनेछन।

सर्भर डाउनको समस्याकै कारण मिति २०८३ असार २६ गते रिट्रायलका लागि राजश्व बुझाउन नपाउनुभएका सेवाग्राही तथा मिति २०८३ असार २६ र २९ गते कार्यालय सम्पर्क मिति (Visit Date) पाएर आवेदन दर्ता हुन नसकेका सेवाग्राहीहरुले सेवा सुचारु भएपश्चात कहिले सेवा लिने भन्ने सूचना हेरेर मात्र सेवा लिन आउनुहुन अनुरोध छ।

यसबाट सेवाग्राहीमा पर्न गएको असुविधाप्रति कार्यालय क्षमाप्रार्थी छ।

नि. कार्यालय प्रमुख